नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोठीगाउँ, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बैठक संख्या २** **समयः दिउसो १ बजे** **बैठक मिति २०८३।०५।२२**

आज मिति २०८३ साल भाद्र महिना २२ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह्ं धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

**उपस्थिति**

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. शोक प्रस्ताव सम्बन्धमा।

२. भोटेकोशी बाढी पीडितहरुलाई उद्दार,राहत तथा पुर्ननिर्माणका लागि सहयोग गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०८२/८३ को LGPAS को प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्बन्धमा।

४. सिद्दनाथ आवि गोफालाई समायोजन गर्ने सम्बन्धमा।

५. नौगाड आधारभूत अस्पताललाई स्वास्थ्य वीमा बोर्डमा आबद्दताका लागि अनुरोध गर्ने सम्बन्धमा।

६. नेपाल टेलिकमको ल्याडलाईन फोन सेवा जडान सम्बन्धमा।

७. नौगाड गाउँपालिकाको विद्यालय कर्मचारी छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३मा संशोधन गर्ने सम्बन्धमा।

८. गाउँपालिका भित्रका बेवारिसे मानिसहरु व्यवस्थापन सम्बन्धमा।

९. करार कर्मचारी नियुक्त गर्ने सम्बन्धमा।

१०. विविध।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ रसुवाको भोटेकोशीमा मिति २०८३।०५।१० गते आएको बाढीमा परि घाइते हुनुभएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने र मृतक तथा वेपत्ताहुनु भएका व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ सम्बत २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी भोटेकोशी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढिबाट भएको ठूलो जनधनको क्षतिपश्चात राहत तथा पुनरस्थापना कार्यका लागि यस गाउँपालिका, जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट तपसिल अनुसारको रकम कट्टा गरी प्रधानमन्त्री देवी प्रकोप उद्दार कोषको खातामा जम्मा गर्न प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखलाई अनुरोध गर्ने र कट्टा गर्न इच्छुक नभएका जनप्रतिनिधि तथा कर्मचारीहरुले यस कार्यालयमा निवेदन दिएमा निजको हकमा कट्टा नगर्ने साथै गाउँपालिका करार शिक्षक र बालविकास सहजकर्ता बाहेक अन्य शिक्षक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको हकमा तपसिल अनुसारको रकम कट्टा गर्न विद्यालयहरुलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | पदाधिकारी/ कर्मचारी | सहयोग |
|---|---|---|
| १ | गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट | १,००,०००/- |
| २ | अध्यक्षको सेवा सुविधाबाट | २००००/- |
| ३ | उपाध्यक्ष सेवा सुविधाबाट | १२०००/- |
| ४ | वडा अध्यक्ष सुविधाबाट | ६०००/- |
| ५ | कार्यपालिका सदस्य सुविधाबाट | ३०००/- |
| ६ | गाउँसभा सदस्य सुविधाबाट | १५००/- |
| ७ | अधिकृत स्तरका कर्मचारीहरुको पारिश्रमिकबाट | ७ दिनको तलब |
| ८ | सहायक स्तरका कर्मचारीको पारिश्रमिकबाट | ५ दिन |
| ९ | कार्यालय सहयोगी पारिश्रमिकबाट | २ दिनको तलब |
| १० | स्थायी शिक्षकको पारिश्रमिकबाट | निजामतीको समान तह र श्रेणी |
| ११ | अस्थायी/राहत/अनुदानमा कार्यरत शिक्षक पारिश्रमिकबाट | निजामतीको समान तह र श्रेणी |
| १२ | ससर्त अनुदानमा कार्यरत स्केल पाउने कर्मचारीको पारिश्रमिकबाट | तह र श्रेणी अनुसार |
| १३ | गाउँपालिका करार कर्मचारी/शिक्षक,विद्यालय कर्मचारी, बालविकास सहजकर्ता | २००० |
| १४ | गाउँपालिका करार श्रेणी विहिन कर्मचारी | १५०० |

नौगाड गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं ३** यस गाउँपालिकाको गत आव २०८२।८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याकन ( LGPAS) सम्बन्धी विषयगत समितिमा छलफल भइ प्राप्त भएको स्वःमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन स्वीकृत गरी पृष्ठपोषणका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वयन समिति दार्चुलामा पेश गर्ने गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ४** नौगाड गाउँपालिका वडा नं १ अन्तर्गत सञ्चालनमा रहेको श्री हिमालय शिद्धनाथ आ.वि गोफामा शैक्षिक सत्र २०८३ मा कुनै पनि कक्षामा विद्यार्थी भर्नाहुन नआएको भनि उक्त वि. व्य. स को निर्णय र नौगाड गाउँपालिका वडा नं १ को कार्यालयको सिफारिस समेतको आधारमा उक्त विद्यालयलाइ नौगाड गाउँपालिका वडा नं २ स्थित श्री परमेश्वरी आ.वि. पन्रखाएमा समायोजन गर्ने र सो विद्यालयका प्राथमिक तह तृतीय श्रेणी राहत दरबन्दिका शिक्षक श्री बागमती कुमारी लोथ्याललाई श्री परमेश्वरी आ.वि.मा विद्यार्थी संख्या कम्म देखिएकाले नौगाड गाउँपालिका वडा नं १ अन्तर्गतकै अर्को विद्यालय श्री देवेश्वरी आ. वि. कैदमकोटमा अर्को व्यवस्था नभए सम्मका लागि कामकाज गर्ने गरी काजमा खटाउने साथै उक्त विद्यालयको कार्यालय सहयोगी पदलाई नौगाड गाउँपालिका वडा न ५ को जलदेवी आवि घट्ट कसाडमा सार्ने निर्णय पारित गरियो।

**निर्णय नं ५** नौगाड आधारभूत अस्पतालले स्वास्थ्य वीमा बोर्डले तोकेका मापदण्ड पुरा गरि सकेकोले नौगाड आधारभूत अस्पताललाई स्वास्थ्य वीमा बोर्डमा आवद्दताको लागि प्रचलित नियमानुसार सम्झौता गरि दिनुहुन स्वास्थ्य वीमा बोर्डलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ६** देथला खार खलगा सडकमा रहेको यस गाउँपालिकाको ६ नम्वर वडा कार्यालय, ५ नम्वर वडा कार्यालय, ३ नम्वर वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय र नौगाड आधारभूत अस्पतालमा ल्याण्डलाईन फोन जडान गरि दिनुहुन नेपाल टेलिकमलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं ७** नौगाड गाउँपालिकाको विद्यालय कर्मचारी छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ को बुदाँ नं ६ को खण्ड (ग) मा शैक्षिक योग्यता बाफत ९ अंक रहेकोमा उक्त अंकलाई घटाएर ५ अकं कायम गर्ने र सोहि बुदाँको खण्ड (घ) मा रहेको विषयबस्तुको ज्ञान वापतको अंकमा थप गरी १० अंक बनाउने निर्णय पारित गरियो ।

**निर्णय नं ८** यस गाउँपालिका भित्र वेवारिसे अवस्थामा फेला परेका व्यक्तिहरुको गास र वासको लागि सम्बन्धित प्रहरी चौकी सँगको समन्वयमा आवश्यक व्यवस्था गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

नौगाड गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं ९ यस गाउँपालिकाका अन्तर्गतका तपसिल अनुसारका स्वास्थ्य सस्थाहरुमा सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा तपसिल अनुसारका व्यक्तिहरुलाई हाँजिर भएको मिति देखि लागुहुने गरी करार सेवामा नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क्र स | नामथर | ठेगाना | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | श्री धनबहादुर धामी | नौगाड ६ | अहेव | खालिडाडा स्वास्थ्य इकाइ धुलिगडा |
| २ | श्री काशी सिह धामी | नौगाड ४ | कास | सिप्टी स्वास्थ्य चौकी |